# महान् सृष्टिकर्ता परमेश्वरको

१. महान् सृष्टिकर्ता परमेश्वरको जय संसारलाई प्रेमगरी खीष्टपुत्र पठाए
जो प्राण अफ्नो त्यागी बने तारणहार र सबैको लागि खोले स्वर्गद्वार
को. स्तुति गाऊ (२)उनको वचन सुनाऊ, स्तुति गाऊ (२)सबै मिली रमाऊ
येशू पुत्रद्वारा पिताकहाँ आऊ र ईश्वरको जयजयकार स्तुति चढाऊ ।

२. हो रगतले किनेको पूरो उद्धार विश्वासीहरूलाई ईश्वरको करार ।
जो सबभन्दा तुच्छ त्यो विश्वास गरे त्यसलाई क्षमा गर्छन् झट्टै येशूले
को. स्तुति गाऊ (२)उनको वचन सुनाऊ, स्तुति गाऊ (२)सबै मिली रमाऊ
येशू पुत्रद्वारा पिताकहाँ आऊ र ईश्वरको जयजयकार स्तुति चढाऊ ।

३. दिए महान् शिक्षा, गरे महान् काम, महान् छ नि येशूमा हर्ष इनाम ।
तै यसभन्दा बढ्ता छ आनन्द अपार हामी जब हेरौला खीष्टको मुहार ।
को. स्तुति गाऊ (२)उनको वचन सुनाऊ, स्तुति गाऊ (२)सबै मिली रमाऊ
येशू पुत्रद्वारा पिताकहाँ आऊ र ईश्वरको जयजयकार स्तुति चढाऊ ।

**बाइबल पद :** परमेश्वर पिता र हाम्रा प्रभु येशू खीष्टबाट तिमीहरूलाइ अनुग्रह र शान्ति । हाम्रा परमेश्वर र पिताको इच्छाअनुसार उहाँले यस वर्तमान दुष्ट युगबाट हामीलाई छुट्कारा दिनलाई हाम्रा पापका निम्ति आफैलाई अर्पण गर्नुभयो । परमेश्वरलाई सदा-सर्वदा महिमा भइरहोस् । आमिन् । गलाती १:३-५